# श्री सर्वोच्च अदालतमा पेश गरेको

## निवेदन-पत्र

विषय:-नेपालको संविधानको धारा ४६, १३३(२)(३) बमोजिम उत्प्रेषण, परमादेश लगायत अन्य जो चाहिने उपयुक्त आज्ञा आदेश वा पुर्जी समेत जारी गरी पाऊँ ।

टेकनाथ देवकोटा र लक्ष्मीदेवी देवकोटाका छोरा गोरखा जिल्ला पालुङटार न.पा. वडा नं.३ बस्ने वर्ष ४९ को गोरखा निर्वाचन क्षेत्र २(१) बाट गण्डकी प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत निर्वाचित गण्डकी प्रदेश सभा सदस्य फणीन्द्र देवकोटाको वा. मन्दिर न्यौपानेको छोरा कालिकोट जिल्ला साविक सिपखाना-३ को हाल परिवर्तित रास्कोट नगरपालिका वडा नं१ घर भई का.जि.का.म.न.पा.२९ बस्ने वर्ष३६ को धर्मराज न्यौपाने (मो.नं.९८६००८३०६६)........................................................१

निवेदक पक्ष

### विरुद्ध

गण्डकी प्रदेश सभाका माननीय सभामुख कृष्ण प्रसाद धिताल (९८५६०२७९०४)........१

गण्डकी प्रदेश सभा सचिवालय, पोखरा, नेपाल (सम्पर्क नं. ०६१-५७०८००).............२

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), केन्द्रीय कार्यालय, का.जि.का.म.न.पा. वडा नं. ३२ पेरिसडाँडा ........................................................................................३

विपक्षी प्रत्यर्थी



CamScanner

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), संसदीय दल, गण्डकी प्रदेश सभा, पोखरा.........................................................................................................४

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), गण्डकी प्रदेश समिति, पोखरा म.न.पा.८, वृद्धचोक .........................................................................................................५ } विपक्षी प्रत्यर्थी

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), संसदीय दलका नेता हरि बहादुर चुमान, गण्डकी प्रदेश सभा, पोखरा .........................................................................................६

निर्वाचन आयोग, बहादुर भवन काठमाण्डौं ..................................................................७

मुद्दाःउत्प्रेषणयुक्त परमादेश समेत ।

म निवेदक नेपालको संविधानको धारा २, १६, १७, १८, १७७, १७८, १७९,१८०(३)र २६९ राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ७, १८, २८, ३१, ३२, ३३, ३४, ३५, ३६ र ४९ समेतका आधारमा अन्य उपचारको अभावमा नेपालको संविधानको धारा ४६ र १३३(२)(३) एवं सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३२ बमोजिम लाग्ने दस्तुर रु.५००।– यसै साथ राखी विपक्षीको मिति २०८१।०२।२९ को पत्र, मिति २०८१।०२।३२ को गण्डकी प्रदेश सभा, पोखरा नेपालको छैंठौ अधिवेशन, १२औं बैठकको रिडिङ्ग पेपर, सूचना लगायत यस सम्बन्धमा भए गरेका सम्पूर्ण काम कारबाही उत्प्रेषणको आदेशले बदर गरी म निवेदकलाई प्रदेश सभाको सम्पूर्ण कार्यकाल प्रदेश सभा सदस्यको हैसियतले काम गर्न दिनु भनी परमादेश लगायत उपयुक्त आज्ञा आदेश जारी गरी पाउन देहाय बमोजिम निवेदन गर्दछु:

१.रिट निवेदक नेपाल समाजवादी पार्टीको तर्फबाट गत २०७९ सालमा सम्पन्न गण्डकी प्रदेश सभाको गोरखा निर्वाचन क्षेत्र २(१)बाट प्रत्यक्षतर्फनिर्वाचित भएको प्रदेश सभा सदस्य हुँ । नेपालको

संविधानको धारा १७७(१) ले प्रदेश सभा विघटन भएमा बाहेक मेरो कार्यकाल ५ वर्षको हुने सुनिश्चित गरेको छ ।

२. उपरोक्तानुसार म निर्वाचित भएको क्षेत्रको जनताको सार्वभौम अधिकार र मत प्रयोग गरेका विभिन्न संविधान र कानून बमोजिम निर्वाचनमा अत्याधिक जनमत प्राप्त गरी निर्वाचित सिट निवेदकको स्वार्थ संवैधानिक र कानूनको प्रावधान प्रतिकूल बीचैमा हठात समाप्त हुन सक्ने अवस्था रहँदैन ।

३. म निवेदक प्रदेशसभाको निर्वाचनमा उम्मेदवार हुँदा मैले प्रतिनिधित्व गर्ने राजनीतिक दल नेपाल समाजवादी पार्टी र विपक्षी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) बीच राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४९ अन्तर्गत दुई वा सो भन्दा बढी दलले कुनै दलले प्राप्त गरेको निर्वाचन चिन्ह वा अन्य कुनै निर्वाचन चिन्ह लिई संयुक्त रुपमा निर्वाचनमा सहभागी हुने गरी निर्वाचनमा सहभागी हुन सक्ने प्रावधान बमोजिम ने.क.पा. (माओवादी केन्द्र) को गोलाकार भित्रको हँसिया हथौडा निर्वाचन चिन्ह लिई निर्वाचनमा उम्मेदवार भई निर्वाचित भएको थिए । सो क्रममा मैले भरेको मनोनयन पत्र लगायत निर्वाचन आयोगमा पेश गरेका सबै आधिकारिक दस्तावेजहरुमा मैले प्रतिनिधित्व गर्ने दल नेपाल समाजवादी पार्टी भनी रीतपूर्वक अभिलेख गरिएको छ ।

४. म सदस्य रहेको दल नेपाल समाजवादी पार्टी नै हो । पार्टीको राजनीतिक विचार, दर्शन, कार्यक्रम र जनादेश अनुसार जनताको सेवा गर्ने मेरो लक्ष्य हो । सोही आधारमा जनताले मलाई निर्वाचित गरेका हुन् । निर्वाचन आयोगको अभिलेख, नेपाल सरकारद्वारा प्रकाशित राजपत्र (खण्ड ७२ काठमाडौँ, मंसिर २९ गते, २०७९ साल, अतिरिक्ताङ्क ४७ ग) गण्डकी प्रदेश सभाको वेभसाइट, गण्डकी प्रदेश सभावाट प्रकाशित डायरी र मलाई प्रदान गरिएको प्रदेश सभा सदस्यको परिचय पत्र एवं निर्वाचित भए लगतै निर्वाचन आयोग समक्ष पेश गरेको व्यक्तिगत विवरण फारममा समेत म नेपाल समाजवादी दलबाट निर्वाचित प्रदेश सभा सदस्य भएको यथार्थ व्यहोरा अंकित छ । सरकारी अभिलेखले मान्यता प्रदान गरेको यस्तो तथ्यलाई प्रमाण ऐन, २०३१ को दफा ६ समेतले अन्यथा भन्न मिल्दैन ।

५. गण्डकी प्रदेशमा सरकार गठन विघटनको सन्दर्भमा सम्मानित अदालतमा ०८०-WO-११६६, ०८०-WO-११७४ समेतको रिट निवेदन दायर भई अन्तरिम आदेशानुसार धारा १६८(३) बमोजिम सबै भन्दा बढी सभा सदस्य भएको संसदीय दलको नेतालाई मुख्यमन्त्री पदमा ४८ घण्टा भित्र नियुक्त गर्न मिति २०८१।०२।१४ मा सम्मानित अदालतबाट आदेश भएको थियो । सोबमोजिम माननीय प्रदेश प्रमुख, गण्डकी प्रदेश सभा संसदीय दलको नेता मा. सुरेन्द्रराज पाण्डेलाई गण्डकी प्रदेशको मुख्यमन्त्री पदमा नियुक्त गरिएको र उहाँले मिति २०८१।०२।२८ मा विश्वासको मत प्राप्त गर्न पेश गरेको प्रस्ताव उपर मा. अनुसार भएको मतदानमा म निवेदकले म संलग्न पार्टीको निर्देशन बमोजिम विश्वासको मतको पक्षमा मतदान गरेको थिए । यसो गर्नुमा कुनै कानूनी प्रावधान बाधक थिएन र छैन ।

६. प्रदेशसभाको प्रतिनिधित्व संख्यामा ठूलो मतान्तरका कारण सरकार गठनमा बारम्बार कठिनाई उत्पन्न भई सरकार गठन र विघटनले अस्थिरता उत्पन्न भएको र सोका कारण जनमानसमा संघीय प्रणालीप्रतिनै नकारात्मक भाव पैदा हुने गम्भीर अवस्थामा सरकारको स्थिरतालाई ध्यानमा राख्दै म संलग्न पार्टीको निर्देशन बमोजिम मैले गरेको मतदानको विषयमा अनुशासनात्मक वा अन्य कुनै कारबाही गर्ने अधिकार म सदस्य रहेको विपक्षी ने.क.पा. (माओवादी केन्द्र) को रहन सक्दैन ।

७. कानूनले दलहरूलाई प्रदान गरेको सुविधाका आधारमा निर्वाचन चिन्ह साझा प्रयोग गर्ने र सम्बन्धित दलको प्रतिनिधि हुनु पृथक कुरा हुन् । यस तथ्यलाई बेवास्ता गरी मलाई विपक्षी ने.क.पा. (माओवादी केन्द्र) गण्डकी प्रदेश सभा संसदीय दलबाट मिति २०८१।०२।२९ मा स्पष्टीकरण पत्र सोधियो । जसमा मिति २०८१।०२।२८ गते प्रदेश सरकारका मुख्य मन्त्री मा. सुरेन्द्रराज पाण्डेको विश्वासको मत प्रस्तावको विपक्षमा मतदान गर्ने भएको निर्णय र निर्देशन उल्लंघन गरी मतदान गरेको विषयमा ने.क.पा. (माओवादी केन्द्र) केन्द्रीय समितिको निर्णयानुसार लिखित स्पष्टीकरण माग भई आफ्नोले तपाईंलाई के कति कारणले कारबाही गर्न नपर्ने हो २४ घण्टाभित्र लिखित जवाफ पेश गर्नु हुन निर्देशन गर्दछु भनिएको रहेछ । सो २४ घण्टाको समयावधि तोकिएको र समयावधि मै सम्पूर्ण कारबाही टुंग्याई गरिएको कारबाही त्रुटिपूर्ण छ ।

८. प्राप्त पत्रानुसार आफ्नो व्यहोरा मुख्यतः म [illegible] निर्वाचन आयोगमा दर्ता भएको नेपाल समाजवादी पार्टीको तर्फबाट गण्डकी प्रदेश सभामा प्रतिनिधित्व गर्दछु । मेरो पार्टी अन्य पार्टीको घटक दल होइन, मैले गण्डकी प्रदेश सभामा प्रदान गरेको विश्वासको मतलाई लिएर म संलग्न दलले बाहेक ने.क.पा. (माओवादी केन्द्र) ले स्पष्टीकरण सोध्ने कानुनी, राजनीतिक र संवैधानिक अधिकार राख्दैन। म ने.क.पा. (माओवादी केन्द्र) बाट उम्मेदवार बनेको अवस्था पनि होइन । नेपाल समाजवादी पार्टीले नेपाली कांग्रेस, ने.क.पा. (माओवादी केन्द्र) सहितको गठबन्धन गरी चुनावमा भाग लिएको थियो । निर्वाचनमा प्राप्त जनादेश बमोजिम नै गण्डकी प्रदेशमा विश्वासको मत दिएको हुँ । संविधान कार्यान्वयन गर्न, राजनीतिक स्थिरता कायम गरी प्रदेश सभालाई जोगाउन विश्वासको मतको पक्षमा मतदान गरेको हुँ । मलाई कानूनी, राजनीतिक र संवैधानिक आधारमा कारबाही गर्न मिल्दैन भन्ने समेत व्यहोरा उल्लेख गरी स्पष्टीकरण पेश गरेको थिएँ ।

९. मलाई स्पष्टीकरण सोध्ने कानूनी अधिकार र हैसियत नराख्ने पार्टीले स्पष्टीकरण सोधेको भएतापनि शिष्टताका खातिर प्रष्ट व्यहोरा उल्लेख गरी स्पष्टीकरण पेश गरेकोमा सो मा ध्यानाकर्षण गराइएको वस्तुसम्मत तथ्य उपर कुनै विचार नगरी विपक्षी ने.क.पा. (माओवादी केन्द्र) को निर्देशनमा सो स्पष्टीकरणलाई सन्तोषजनक एंव कानूनसंगत नभएको भन्दै मिति २०८१।०२।३२ मा विपक्षी सभामुखलाई राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३४ अन्तर्गत दल त्याग गरेको सूचना पेश गरेको रहेछ । सो को तत्काल मिति २०८१।०२।३२ गतेको बैठकको रिडिङ पेपरमा समावेश गर्नु हुन भनी मा. सभामुखले तोक लगाई सोही दिन प्रदेश सभा सदस्य माननीय श्री फणीन्द्र देवकोटालाई प्रदेश सभा सदस्य पदबाट निष्कासन गरी दल त्याग गरेको व्यहोराको सूचना राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३४ बमोजिम प्राप्त हुन आएकाले सोही ऐनको दफा ३५ र गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम २०७ समेतको कानूनी व्यवस्था अनुसार सभामा जानकारी गराउँदछु भनी प्रस्ताव सूचना निर्णय वाचन गरिएको रहेछ ।

१०. नेपालको संविधानको धारा २६९ ले राजनीतिक दलको गठन, दर्ता र सञ्चालनको व्यवस्था गरेको छ । ऐ. कै धारा २६९(१) मा "समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरुले धारा १७ को उपधारा (२) को खण्ड (ग) अन्तर्गत बनेको कानूनको अधिनमा रही राजनीतिक दल गठन गरी सञ्चालन गर्न र दलको विचारधारा, दर्शन र कार्यक्रम प्रति जनसाधारणको सहयोग र समर्थन प्राप्त गर्नको लागि त्यसको प्रचार प्रसार गर्न गराउन वा सो प्रयोजनको लागि अन्य आवश्यक काम गर्न सक्नेछन्" भनी उल्लेख गरिएको छ । ऐ.कै उपदफा २ मा "उपधारा (१) बमोजिम गठन भएका राजनीतिक दलले कानूनबमोजिमको कार्यविधि पुरा गरी निर्वाचन आयोगमा दल दर्ता गराउनु पर्नेछ" भनिएको छ । ऐ. कै धारा १८०(ङ) ले "जुन दलको उम्मेदवार भई सदस्य निर्वाचित भएको हो त्यस्तो दलले संघीय कानून बमोजिम निजले दल त्याग गरेको कुरा सूचित गरेमा" प्रदेश सभा सदस्यको स्थान रिक्त हुनेछ भनी गरेको संवैधानिक प्रत्याभूति तथा संरक्षणको व्यवस्था विपरित संघीय कानूनमा कुनै व्यवस्था गर्न सकिने छैन । त्यसरी संघीय कानून बनेमा अवस्थामा समेत प्रारम्भ देखी नै स्वतः बदरभागी (Void ab Initio) रहने स्पष्ट छ र निवेदकको हकमा सो व्यवस्था आकृष्ट हुन सक्दैन । त्यस्तै राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा २८(३) र दफा ३२(२) बमोजिम सम्बन्धित दलको केन्द्रीय समितिले त्यस्तो सदस्यलाई सम्बन्धित दलबाट समेत निष्काशन भएको मानिने कानूनी व्यवस्था छ । म निवेदकको सम्बन्धित दल नेपाल समाजवादी पार्टी हो । म उक्त दलको केन्द्रीय समिति सदस्य समेत हुँ । मलाई मेरो नेपाल समाजवादी पार्टी बाहेक अरुले कारवाही गर्न सक्दैन । साथै, म निवेदकले निर्वाचन आयोग समक्ष गण्डकी प्रदेश सभाको गोरखा २(१) बाट सदस्य पदको उम्मेदवारी फारम भर्दा समेत नेपाल समाजवादी पार्टीबाट उम्मेदवारी दर्ता गराएको हुँ । म निवेदक ने.क.पा. (माओवादी केन्द्र) को उम्मेदवार होइन । चुनावको समयमा नेपाल समाजवादी पार्टी समेतका दलहरुले राजनीतिक आवश्यकता र औचित्यताको आधारमा गठबन्धन गरेको समयमा सहजताको लागि कानूनले दिएको सुविधा एवं स्वतन्त्रता प्रयोग गरी संयुक्त रुपमा एकल चुनाव चिन्ह प्रयोग गरी निर्वाचनमा भाग

लिएको हुँ । मलाई जनताले नेपाल समाजवादी पार्टीको घोषणापत्र हेरी जनादेश दिएको अवस्था हो । मूल कानून संविधानले गरेको प्रष्ट व्यवस्था विपरित अधिकार विहिन दलद्वारा अवैध र क्षेत्राधिकारविहिन आदेशद्वारा अर्को दलको प्रदेश सभा सदस्यलाई निष्कासन गर्ने अख्तियारी राख्न सक्ने अवस्था रहँदैन । कानूनी व्यक्तिले कानूनले दिएको बाहेक अन्य अधिकार प्रयोग गर्न सक्दैन । मेरो राजनीतिक दल प्रतिको आवद्धता, प्रतिवद्धता एवं अनुशासनको प्रत्याभूति संविधान र कानूनले गरेको अवस्थामा सो विपरित हुने गरी अन्य कुनै कानूनले व्यवधान उत्पन्न गरेको वा अतिक्रमण गरेको अवस्थामा समेत सामञ्जस्यताको सिद्धान्त (Harmonious Interpretation) को आधारमा समेत त्यस्तो अवरोधात्मक कानून निष्कृय हुने गरी व्याख्या गर्नु पर्ने हुन्छ ।अन्यथा सविधानको कानूनको नियन्त्रणामा पुग्ने हुन्छ । दलीय व्यवस्था र अधिकारको प्रयोगमा बन्देज लगाउने कानूनी व्यवस्थाको बैधता नरहने वस्तुतथ्य नेपालको सविधानको धारा २७० ले घोषणा गरेको अवस्था छ । नेपालको संविधानको प्रस्तावनामा जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था हुने भन्ने उल्लेख छ । संविधानको धारा १७(२) (ग) मा राजनीतिक दल खोल्ने हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरिएको छ । यसरी संविधानले नै मौलिक हकको रुपमा व्यवस्था गरेको दल खोल्ने, दलमा आवद्द हुने लगायतका हक दलीय कारवाहीको आधारमा समाप्त हुन नसक्ने भएकोले उक्त काम कारवाहीहरु प्रथम दृष्टिमा नै वदरभागी छन् ।

११. म निवेदक ने.क.पा. (माओवादी केन्द्र) को सदस्य नभई नेपाल समाजवादी पार्टीको सदस्य र उम्मेदवार भई निर्वाचित भएको प्रदेश सभा सदस्य हुँ । राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ४९ मा *एकल चुनाव चिन्ह लिई निर्वाचनमा भाग लिन सक्ने* व्यवस्था रहेको छ । ऐ. ऐनको दफा ४९ को उपदफा (१) मा दफा ४८ बमोजिम *निर्वाचनको प्रयोजनको लागि मान्यता प्राप्त गर्न चाहने दुई वा सो भन्दा बढी दलले कुनै दलले प्राप्त गरेको निर्वाचन चिन्ह वा अन्य कुनै निर्वाचन चिन्ह लिई संयुक्त रुपमा निर्वाचनमा सहभागी हुने गरी निवेदन दिन सक्नेछन्* भनी व्यवस्था गरीएको छ भने *ऐ. दफाको उपदफा (२) मा उपदफा (१) बमोजिम संयुक्त रुपमा निर्वाचनमा सहभागी हुने दलको*

तर्फबाट उम्मेदवारी दिदा त्यस्तो उम्मेदवार कुन दलसँग सम्बन्धित हो त्यो समेत खुलाउनु पर्नेछ भनी संयुक्त रुपमा एकल चुनाव चिन्ह लिई निर्वाचनमा गएको भए पनि छुट्टाछुट्टै राजनीतिक दलले संयुक्त चुनाव चिन्ह प्रयोग गर्न सक्ने र राजनीतिक दलको अस्तित्व छुट्टै हुन सक्ने भनी संविधान र ऐन कानूनले व्यवस्था गरेको अवस्थामा मलाई ने.क.पा. (माओवादी केन्द्र) को सदस्य भनी दल त्याग गरी पठाएको पत्र कानूनतः त्रुटिपूर्ण भई बदर भागी रहेको छ । उल्लेखित ऐनको दफा ४९(३),(४) मेरो हकमा आकर्षित हुने अवस्था छैन ।

१२ निवेदक मेरो राजैनीतक विचारधाराको आधारमा नेपाल समाजवादी पार्टीमा आवद्ध भएको हुँ । म आवद्ध भएको पार्टीको विचाराधारा नै मेरो विचारधारा हो । म आवद्ध भएकोपार्टीको छुट्टै घोषणापत्र तथा राजनैतिक कार्यक्रम छ । एकल निर्वाचन चिन्ह लिई निर्वाचनमा सहभागी भएको कारणबाट मेरो विचारधारा परिवर्तन हुने र म आवद्ध पार्टीको राजनैतिक अस्तित्व परिवर्तन हुने वा समाप्त हुन सक्तैन । यस्ता हकमा बन्देज लगाउने गरी भएको काम कारवाही नेपालको संविधानको धारा १७(२)(क) समेतको विपरित छ ।

१३ म निवेदक प्रत्यर्थी नेपाल कम्युनिष्टपार्टी (माओवादी केन्द्र) को सदस्य होइन । म निवेदक नेपाल समाजवादी पार्टीको सदस्य र सोही पार्टीको केन्द्रीय समितिको सदस्य समेत रहेको छु । म निवेदकले दलत्याग गरेको भन्ने आधारमा प्रत्यर्थी पार्टीबाट उक्त दलको सदस्यबाट निष्कासन गर्ने भनी निर्णय भएको छ । राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा २(थ) बमोजिमको दलको सदस्यको हकमा मात्र दल त्याग गरेको वा नगरेको भन्ने विवाद हुन सक्तछ । म निवेदक उक्त कानूनी व्यवस्था बमोजिम प्रत्यर्थी पार्टीको सदस्य नरही सोही ऐनको दफा २(ङ) को परिभाषा बमोजिमको अर्कै दल नेपाल समाजवादी पार्टीको सदस्य रहेको भए पछि सोही ऐनको दफा ३३ को दल त्याग गरेको भन्ने अवस्था हुन नै सक्तैन । उक्त व्यवस्था आकर्षित भई दल त्याग भएको मानिन उक्त दलको सदस्य भएको हुन अनिवार्य छ । सम्बन्धित दलको सदस्य बाहेक अन्य दलको सदस्यको हकमा उक्त व्यवस्था आकर्षित हुने कदापी सक्ने होइन । म प्रत्यर्थी दलको

सदस्य नै नरहेको भए पनि मलाई दलको सदस्यबाट निष्कासन गर्ने सम्बन्धमा प्रत्यर्थी पार्टीले निर्णय गर्न नै सक्दैन । तत्काल सम्बन्धित कारवाही गर्ने हो भने पनि म आवद्ध दलमार्फत मात्र गराउन मिल्ने हुन्छ । नेपाल समाजवादी पार्टीको सदस्य रहेको म निवेदकलाई नेपाल कम्युनिष्टपार्टी (माओवादी केन्द्र) को सदस्य बाट निष्कासन गर्ने निर्णय गर्ने अधिकार प्रत्यर्थी पार्टीलाई नरहेकोले काम कारवाही अनाधिकार भई अधिकारक्षेत्रको अभावमा बदरभागी छन ।

१४ म निवेदक प्रत्यर्थी पार्टीको सदस्य नरही नेपाल समाजवादी पार्टीको सदस्य रहेको र एकल चुनाव चिन्हबाट निर्वाचनमा सहभागी हुने भनी दुवै पार्टीबाट भएको निर्णय बमोजिम प्रत्यर्थी पार्टीको चुनाव चिन्ह लिई निर्वाचनमा भाग लिने गरी ऐनको दफा ५९ बमोजिम दुवै दल बीच भएको सहमतिको आधारमा प्रत्यर्थी पार्टीको चुनाव चिन्ह सम्म लिई निर्वाचनमा भाग लिएको यथार्थतामा विवाद छैन । यसरी एकल चुनाव चिन्ह लिई निर्वाचनमा भाग लिएको भनेको आधारमा दल र दलको सदस्यको हैसियत परिवर्तन हुने व्यवस्था प्रचलित नेपाल कानूनमा रहेको छैन । यसरी एकल चुनाव चिन्ह लिई निर्वाचनमा सहभागी भएकै भनेको आधारमा म निवेदकलाई आफ्नो दलको अधिनस्थ वा सदस्य कायम गरी निष्कासन गरेको निर्णय र काम कारवाही उल्लेखित कानूनी व्यवस्था समेतको विपरित रही बदरभागी छन् ।

१५ म निवेदकलाई कारवाही गर्ने सम्बन्धमा प्रत्यर्थी पार्टीका संसदीय दलका नेताबाट मिति २०८१।०२।२९ को पत्रबाट स्पष्टीकरण माग गरिएको छ । निजैले हस्ताक्षर गर्नु भएको मिति २०८१।०२।३१ को पत्रबाट कारवाही गर्ने सिफारिस गरिएको छ । संसदीयदलको नेताले स्पष्टीकरण माग गरी कारवाहीको सिफारिस गर्न मिल्ने व्यवस्था ऐनमा रहेको छैन । प्रचलित कानूनले अधिकार नदिएको विषयमा प्रत्यर्थी संसदीयदलका नेताबाट बलात् रुपबाट अधिकारको प्रयोग गरी स्पष्टीकरण माग गरिएको तथा पेश भएको स्पष्टीकरण चित्त बुझ्दो नभएको भनी गरेको सिफारिसको आधारमा दलको सदस्यबाट निष्कासन गरेको भन्ने आधारमा निर्वाचित पद समाप्त

CamScanner

गरेको निर्णय र काम कारवाहीहरु प्रवृत्तभावनाबाट ग्रसित र बदनियतपूर्ण रहेकोले यस्ता स्पष्टिकरण तथा सिफारिसको आधारमा भए गरिएका सम्पूर्ण काम कारवाहीहरु दोषपूर्ण छन् ।

१६ म निवेदक निर्वाचनमा सहभागी भएको गोरखा क्षेत्र नं. २ (१) मा ५०३७६ मतदाताहरु रहनु भएको छ ।उल्लेखित मतदाताहरु मध्ये १२४१८ ले मलाई मतदान गर्नु भएकोले अन्य प्रत्याशीले भन्दा अधिक मत मेरो रहेको कारणबाट म निर्वाचित भएको हुँ । यसरी निर्वाचित भएको जन प्रतिनिधि म निवेदकले मेरो निर्वाचन क्षेत्रको प्रतिनिधित्व निरन्तर गर्नु पर्ने र गर्न पाउनेमा कुनै विवाद हुन सक्तैन । यस्तो अधिकारबाट मलाई बंचित गरेको कार्यले मलाई निर्वाचित गर्ने मतदाताहरुको सार्वभौम र संविधान प्रदत्त हक समेत कुण्ठित गर्नुका साथै काम कारवाहीहरु संवैधानिक सर्वोच्चता तथा लोकतान्त्रिक मूल्य र मान्यता समेतको विपरित रहेकोले न्यायको रोहमा कायम रहन नसकी बदर हुने विवाद रहित छ । दलको हैसियत र दलको विवादको सम्बन्धमा ऐनको दफा ४३, ४४, ४५, ४६ लगायतकों अधिनमामात्र हुन सक्त छ । त्यसरी विवादको समाधान नभएको त्यसो गर्ने अधिकार समेत प्रत्यर्थी पार्टीलाई नरहेकोले मेरो सदस्यता समाप्तको कारवाही शून्यपूर्ण छन् ।

१७. म निवेदकलाई पद मुक्त गर्ने कारबाहीमा दलबाट सूचना दिइएपछि त्यस तर्फसमेत आफ्नो भनाई राख्ने अवसर दिनुपर्ने प्राकृतिक न्यायको सिद्धान्तको आधारभूत नियम भएकोमा प्रत्यर्थी सभामुखले सो को समेत उल्लंघन गर्नु भयो । न्यायिक पद्धति र सिद्धान्तको बर्खिलाप हुने गरी मलाई गरिएको कारबाही बदर योग्य छ । मैले स्वेच्छिक र कार्यगतरुपमा म संलग्न दल नेपाल समाजवादी पार्टीको कुनै निर्देशन उल्लंघन गरेको छैन । राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ७ बमोजिम अलग अस्तित्व भएको दलको प्रदेश सभा सदस्यलाई प्राकृतिक न्यायको सिद्धान्त विपरित प्रदेश सभाको संसदीय दलको निर्देशन बमोजिम भन्दै अनधिकृत रुपमा कारबाही गरेको त्रुटिपूर्ण रहेको छ ।



CamScanner

१८. प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७९ को अनुसूची ८ बमोजिमको "पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभा सदस्य निर्वाचनका लागि" भरिने फारमको शिर्षकमा म निवेदकको नेपाल समाजवादी पार्टीको नाम र सोही फारमको अन्तिममा मेरो पार्टीको छाप समेत अंकित छ । एउटै चुनाव चिन्ह लिई निर्वाचनमा जाने समझदारीको कारणले मात्र नेकपा माओवादी केन्द्रका अध्यक्षको हैसियतमा औपचारिक पत्र प्रदान एवं उम्मेदवारको अधिकार प्रदान गरिएको स्पष्ट छ । यसले म निवेदकको न त पार्टीको हैसियत बदलिएको छ,न त म नेकपा माओवादीको सदस्य रहेको प्रमाणित हुन्छ ।

१९. माग गरेको उपचार: अतः माथि लेखिएका विभिन्न तथ्य, प्रमाण र कानून समेतका आधारमा निवेदकलाई विपक्षी ने.क.पा. (माओवादी केन्द्र) ले निर्देशन दिई सोधेको कथित मिति २०८१।२।२९ को पत्र र सो स्पष्टीकरण सन्तोषजनक एंव कानूनसंगत नभएको भन्दै मिति २०८१।०२।३२ मा सो दलले विपक्षी सभामुखलाई राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३४ अन्तर्गत दल त्याग गरेको सूचना पेश गरेको र सो को तत्कालै मिति २०८१।०२।३२ बसेको बैठकको रिडिङ पेपरमा समावेश गर्नु हुन भनी मा. सभामुखले तोक लगाई सोही दिन म प्रदेश सभा सदस्य फणीन्द्र देवकोटालाई प्रदेश सभा सदस्य पदबाट निष्कासन गरी दल त्याग गरेको भनी दिइएको सूचनालाई बदर गर्ने अन्य वैकल्पिक उपचारको अभावमा नेपालको संविधानको धारा ४६, १३३(२)(३) तथा सम्मानित अदालतबाट प्रतिपादित नजीर सिद्धान्त समेतका आधारमा सो सूचना र सो आधारित सम्पूर्ण निर्णय, कामकारवाही उत्प्रेषणको आदेशले बदर गरी निर्बाध रुपमा नेपाल समाजवादी पार्टीको प्रदेश सभा सदस्यको हैसियतले कार्य गर्नु दिनु भनी परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी मौलिक र कानूनी हक प्रचलन गरी न्याय दिलाई पाऊँ।

२०. अन्तरिम आदेशको मागदावी : विपक्षीहरुले मिति २०८१।०२।२९ को पत्र तथा मिति २०८१।०२।३२ को रिडिङ पेपर एवं सूचना कार्यान्वयन हुन गएमा संविधानको प्रमुख विशेषताका रुपमा रहेको राजनीतिक दलको अवधारणा र राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ४९ को

CS CamScanner

दुई वा सो भन्दा बढी दलहरुले संयुक्तरुपमा एकल निर्वाचन चिन्ह प्रयोग गर्न सक्ने विशेष व्यवस्थाको अवधारणा नै अन्त्य हुन गई सार्वभौम जनताको प्रतिनिधित्वमै अपूरणीय क्षति हुन जाने हुँदा प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म विपक्षीहरुको मिति २०८१।०२।२९ को पत्र र मिति २०८१।०२।३२ को सूचना, रिडिङ्ग पेपर तत्सबन्धी निर्णय काम कारबाही प्रत्यर्थी गण्डकी प्रदेशका सभामुखले गर्नु भएको घोषणा (रिडिङ पेपर) समेत कार्यान्वयन नगर्नु, नगराउनु भनी निवेदकलाई प्रदेश सभामा प्रदेश सभा सदस्यको हैसियतमा पूर्ववत कामकाज गर्न कुनै अवरोध नगर्नु, कामकाज गर्न दिनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम विपक्षीका नाउँमा अन्तरिम आदेश जारी गरिपाउँ ।

२१. मेरो तर्फबाट नियुक्त हुनु हुने कानुन व्यवसायीहरुको वहस र प्रस्तुत प्रमाणलाई समेत यसै निवेदनको अभिन्न अंग मानी पाउँ ।

२२. <u>संलग्न कागजातहरु:-</u>

१. मिति २०७८।११।०५ गते निर्वाचन आयोगमा नेपाल समाजवादी नामक दल दर्ताको प्रमाणपत्र

२. ने.क.पा.(माओवादी केन्द्र) को मिति २०७९।४।२६ गते बसेको केन्द्रीय समिति बैठकको निर्णय । (एकल चुनाव चिन्हलिई निवाचनमा भाग लिने सम्बन्धमा)

३. नेपाल समाजवादी पार्टीको मिति २०७९।४।२९ गते बसेको केन्द्रीय समितिको बैठकको निर्णय । (एकल चुनाव चिन्ह लिई निर्वाचनमा भाग लिने सम्बन्धमा)

४. मिति २०७९।४।३१ गते नेपाल समाजवादी पार्टीका अध्यक्ष डा. बाबुराम भट्टराई र ने.क.पा.(माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड÷ ले संयुक्त हस्ताक्षर गरी संयुक्त रुपमा एकल चुनाव चिन्हं लिई प्रदेश सभाको निर्वाचनमा भाग लिने गरी निर्वाचन प्रयोजनको लागि दल दर्ता गरिदिने भनी निर्वाचन आयोगमा दिएको संयुक्त निवेदन ।

CamScanner